नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

०१-६६३७८७३
info@tsc.gov.np

पत्र संख्या: २०८३/८४
च.नं.:

मितिः २०८३।०८।१०

शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षामा फाराम भर्ने आवेदकहरूका लागि जरुरी सूचना ।

शिक्षक सेवा आयोगबाट सञ्चालन गरिने अध्यापन अनुमतिपत्र तथा खुला शिक्षक पदपूर्तिसम्बन्धी परीक्षाका लागि अनलाइन फाराम भरेका आवेदकहरूले विशेषगरी प्रवेशपत्र प्रिन्ट गर्ने तथा पुनः अर्को परीक्षाका लागि फाराम भर्ने क्रममा विभिन्न समस्या तथा कठिनाइ भोग्नुपरेको पाइएको छ।

अनलाइन फाराम भर्दा प्रयोग गरिएको फोन नम्बर तथा इमेल ठेगाना बिर्सने, फाराममा नाम, ठेगाना, विषय, प्रतिस्पर्धा गर्न चाहेको जिल्ला तथा प्रदेशलगायतका विवरण फरक पर्ने जस्ता समस्या बारम्बार दोहोरिने गरेका छन्। यस्ता समस्याका कारण परीक्षार्थीहरूमा अनिश्चितता र तनाव उत्पन्न हुनुका साथै शिक्षक सेवा आयोगले समेत हजारौं परीक्षार्थीका यस्तै प्रकृतिका समस्या समाधान गर्न धेरै समय र जनशक्ति खर्च गर्नुपरेको छ। यसबाट आयोगका अन्य नियमित कार्यसम्पादनमा समेत कठिनाइ उत्पन्न भई सेवा प्रवाहमा ढिलाइ हुने गरेको छ।

तसर्थ, अनलाइन फाराम भर्ने सबै आवेदकहरूलाई देहायबमोजिमका कुराहरूमा विशेष ध्यान दिनुहुन यो सूचना जारी गरिएको छ।

समस्याको प्रकृति

१. अनलाइन फाराम भर्दा प्रयोग गरिएको फोन नम्बर, Application ID तथा इमेल ठेगाना बिर्सिएका कारण प्रवेशपत्र प्रिन्ट गर्न समस्या हुनु।
२. अनलाइन फाराम भर्दा नाम, ठेगाना, विषय, प्रतिस्पर्धा गर्न चाहेको जिल्ला तथा प्रदेशलगायतका विवरण गलत प्रविष्ट हुनु।

अनलाइन फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरू

१. सम्भव भएसम्म फाराम आफैंले भर्ने।
२. फाराम भर्दा प्रयोग गरिएको फोन नम्बर, Application ID तथा इमेल ठेगाना सुरक्षित राख्ने।
३. फाराममा भर्नुपर्ने सबै विवरण पटक-पटक जाँच गरी यकिन गरेपछि मात्र Submit गर्ने।
४. सूचनामा तोकिएको समयभित्र अनलाइन वा बैङ्कमार्फत दस्तुर बुझाउने र दस्तुर बुझाएको भौचर सुरक्षित राख्ने।
५. यदि आवेदक आफैंले फाराम नभरी अन्य व्यक्तिमार्फत फाराम भराएको भए पनि फाराम भर्दा प्रयोग गरिएको फोन नम्बर, Application ID तथा इमेल ठेगाना आवेदक स्वयंले सुरक्षित राख्ने।